लागु औषध नियन्त्रण व्यूरो
NarcoticsControlBureau
कोटेश्वर, काठमाडौ

# प्रेस विज्ञप्ति- २१२

# Press Release-212

मिति: २०७४।१२।१७ गते।

## नियन्त्रित लागु औषध मनोद्विपक पदार्थ सहित ४ जना मानिस पक्राउ

१) मिति २०७४/१२/१५ गते लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा जिल्ला उदयपुर त्रियुगा न.पा.वडा ५ घर भएका बर्ष २६ को अरुन बिश्वकर्मा, ऐ.ऐ. ठेगाना भएका बर्ष २९ को मनिष बस्नेत, जिल्ला खोटाङ लामिडाँडा गा.पा.वडा नं.३ ठेगाना भएका बर्ष २१ को खेमराज राईलाई नियन्त्रित लागु औषध बुप्रेनोर्फिन १५३ एम्पुल, डाईजेपाम १९७ एम्पुल,फेनारगन १८३ एम्पुल र नाईट्राजेपाम नाईट्राभेट २२७ ट्याब्लेट सहित जिल्ला काठमाण्डौ, का.म.न.पा.न.वडा नं. ३२ कोटेश्वर जडीबुटीबाट पक्राउ गरिएको छ । पक्राउ परेका अरुन बिश्वकर्मा विगत लामो समय देखि नेपाल-भारत सीमाबाट नियन्त्रित लागु औषधको कारोवारमा सक्रिय रहेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ।

२) त्यसै गरी जिल्ला उदयपुर चौदण्डीगढी न.पा.वडा नं. ३ घर भएका बर्ष ३२ को लव कुमार पुरीलाई नियन्त्रित लागु औषध डाईजेपाम-४९ एम्पुल, डाईजेपाम ४९ एम्पुल, फेनारगन ४९ एम्पुल सहित जिल्ला काठमाण्डौ, का.म.न.पा.न.पा.वडा नं. ७ चाबाहिलबाट पक्राउ गरिएको छ ।

निजहरु उपर यस कार्यालयबाट आवश्यक अनुसन्धान कार्य भई रहेको व्यहोरा जानकारीको लागि अनुरोध।





फोन नं. ४६०१०४८ /फ्याक्स नं. ४६०१९७८, ईमेल : ncbnepal@gmail.com